# इन्टर्नेट सेवा प्रदायकहरुलाई
# नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरुरी सूचना !

नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवा प्रदायकहरुले सेवा प्रदान गरे वापत ग्राहकहरुसँग लिने सेवाको शुल्क⁄महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको शर्त बमोजिम अनिवार्य रुपमा प्राधिकरणबाट स्वीकृत भएको हुनु पर्ने र उक्त सेवाको शुल्क⁄महशुलदर प्राधिकरणबाट स्वीकृत भएको मिति समेत उल्लेख गरी ग्राहक तथा सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरे पश्चात् मात्र लागू गर्नु पर्ने व्यवस्था रहेको छ । हाल कतिपय इन्टर्नेट (इमेल सहित) सेवा प्रदायकहरुले प्राधिकरणबाट सेवाको शुल्क/महशुलदर स्वीकृत नगराई विभिन्न सामाजिक सञ्जाल, पत्र पत्रिका तथा सम्बन्धित सेवा प्रदायकहरुको वेवसाईटमा सूचना प्रकाशन गरी लागू गरेको अबस्था देखिएकोले प्राधिकरणको गम्भिर ध्यानाकर्षण भएको छ ।

अतः दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको शर्त बमोजिम प्राधिकरणबाट दूरसञ्चार सेवाको शुल्क⁄महशुलदर प्राधिकरणबाट स्वीकृत गराई सोही बमोजिम प्राधिकरणबाट महशुदर स्वीकृत भएको मिति उल्लेख गरी ग्राहक तथा सर्वसाधारको जानकारीको लागि सूचना प्रकाशित गरे पश्चात् मात्र इन्टर्नेट सेवाको महशुलदर लागू गर्नुहुन सम्बन्धित सम्पुर्ण इन्टर्नेट सेवा प्रदायकहरुलाई जानकारी गराईन्छ ।

साथै सम्पुर्ण दूरसञ्चार सेवा प्रयोगकर्ता⁄उपभोक्ताहरुले आफुले उपभोग गरेको दुरसञ्चार सेवाको महशुलदर प्राधिकरणबाट स्वीकृत भए⁄नभएको बुझी प्राधिकरणबाट स्वीकृत भएको सेवाको शुल्क⁄महशुलदर मात्र भुक्तानी गर्ने गरी दूरसञ्चार सेवा उपभोग गर्नहुन सम्बन्धित सम्पुर्ण दूरसञ्चार सेवा उपभोक्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक विश्लेषण शाखा
जमल, काठमाण्डौं ।
फोन नं.ः ९७७-१-५३५५४७४, ५३५७१७
फ्याक्स्ः ९७७-१-५३५५२५०
पो.ब.नं.९७५४
**Email: ntra@nta.gov.np, Website: www.nta.gov.np**